**नेपाल आदिवासी जनजाति महासंघको संविधानसभा संवैधानिक समितिमा प्रस्तुत राय सुझाव**

**१. प्रस्तावना :**
संविधानको प्रस्तावनाले निम्न मर्महरु/विषयहरु आत्मसात गर्नु पर्दछ ।
(१) उच्चस्तरको जातीय, भाषिका, सांस्कृतिक, धार्मिक र क्षेत्रीय/पर्यावरणीय विविधता कायम राख्दै उच्चस्तरको राष्ट्रिय एकताको स्थापना र विकास ।
(२) सामन्ती, राजतन्त्रात्मक, एकात्मक, जातीय विशिष्टतावादी, विभेदकारी राज्यसत्ताको दमन, उत्पीडन, शोषण र वहिष्करणमा परेका महिला, आदिवासी जनजाति, दलित, विभिन्न जात-जाति तथा सामाजिक समूह लगायतका सार्वभौमसत्ता सम्पन्न जनसमुदायको मुक्तिकृ आकांक्षा पूरा गर्ने र समतामूलक, समन्यायिक समाज निर्माण गर्ने दृढता ।
(३) राज्य सत्ताको परिवर्तनका लागि आदिवासी जनजातिहरुले पुराएको योगदानको उच्च कदर । आदिवासी जनजातिहरुको आत्म-निर्णय र जातीय स्वशासनको अधिकारको प्रत्याभूति ।
(४) पूर्ण सामुदायिक, समानुपातिक प्रतिनिधित्व र अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको विशेष प्रतिनिधित्वको प्रत्वाभूति ।
(५) लोकतान्त्रिक मूल्य, राजनैतिक तथा सांस्कृतिक वहुलवाद, संघीय प्रणाली, मौलिक स्वतन्त्रता, मानव अधिकार, सामाजिक न्याय, स्वतन्त्र प्रेस, आवधिक निर्वाचन, वहुदलिय प्रतिस्पर्धा, शक्तिको न्यायसंगत वितरण, र कानुनी राज्य, अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र घोषणाहरुका प्रावधानहरु प्रति पूर्ण प्रतिबद्धता ।

**२. राष्ट्रिय प्रतीकहरु :**
(१) बिध्यमान रहेको राष्ट्रिय प्रतीकहरु परिवर्तन गरीनु पर्दछ । नेपालको राष्ट्रिय झण्डा लगायतका प्रतिकहरु नेपालको सांस्कृतिक र भौगोलिक विविधता झल्किने गरी निर्माण गरीनु पर्दछ ।
(२) राज्यहरुको झण्डा राज्य सरकारहरुले निर्धारण र राज्य व्यवस्थापिकाले अनुमोदन गरे बमोजिम हुनु पर्दछ ।
(३) नेपालका सबै जात-जाति तथा आदिवासी जनजातिहरुले परम्परागत रुपमा लगाइ आएको पोशाक राष्ट्रिय पोशाक हुनेछ ।

**३. नगरिकता प्राप्ति**
नागरिकता प्राप्तिका निमित्त निम्न व्यवस्था हुनु पर्दछ ।
(१) आदिवासी जनजातिका हकमा सम्बन्धित जातीय समुदायको प्रतिनिधि मुलक निकायले सिफारिस गरेको ब्यक्ति पनि नागरीकता प्राप्तिको लागि योग्य हुनेछन् ।

**४. मौलिक हक**
संविधानको मौलिक हक सम्बन्धी व्यवस्थामा आदिवासी जनजातिको हक सम्बन्धी छुटै शिर्षक सहितका निम्न प्रावधानहरु हुनु पर्दछ ।
(१) आत्मनिर्णयको हक : आदिवासी जनजातिहरुलाई आत्म निर्णयको हक हुने छ । सोही हकका आधारमा उनीहरु स्वतन्ततापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गर्न र आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकासको निविध्नताका साथ अनुशरण गर्न पाउने छन् ।
(२) जातीय स्वायत्तता वा स्वशासनको हक : आदिवासी जनजातिहरुलाई जातीय स्वायत्तता वा स्वशासनको हक हुनेछ र त्यस्तो स्वायत्तता वा स्वशासनलाई क्रियाशील बनाउन वा संचालन गर्न आवश्यक स्रोत साधन प्राप्त गर्ने उनीहरुलाई हक हुनेछ ।
(३) समावेशीता सम्बन्धी हक : आदिवासी जनजातिहरुलाई संघीय नेपालको सबै तह (संघीय, राज्य र जनस्तरीय स्वायत्त निकाय) का शासकीय संरचना (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, कर्मचारी संयन्त्र लगायत) का सबै अंग वा निकायहरुमा आफ्नो जातीय जनसंख्याको अनुपातमा समावेशीताको हक हुनेछ । समावेशिताको लागि अपेक्षित क्षमता हासिल गर्न उनीहरुलाई आवश्यक सहयोग प्राप्त गर्ने हक हुनेछ ।

(४) सहभागिताको हक : आदिवासी जनजातिहरुलाई प्रभावित गर्ने कुनै पनि पहल, निर्णय वा कार्य गर्दा अथवा उनीहरुको सरोकारका विषयमा कानुन, निर्णय वा योजना बन्दा त्यस्तो पहल, निर्णय वा कार्य गर्ने वा कानुन, नियम, योजना बनाउने निकाय वा संस्थाका समग्र प्रक्रियामा उनीहरुलाई आफ्नो परम्परागत तथा प्रतिनिधिमूलक संस्थाबाट आफ्नै मौलिक प्रक्रिया बमोजिम पठाइएका प्रतिनिधिहरु मार्फत सहभागी हुन पाउने हक हुनेछ ।

(५) सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सीप र प्रविधि सम्बन्धी हक : आदिवासी जनजातिहरुलाई आफ्नो सांस्कृतिक सम्पदा, परम्परागत सांस्कृतिक अभिव्यक्ति, एवं कला, साहित्य, परम्परागत ज्ञान, सीप, प्रविधि तथा आविस्कार र सो संग जोडिएर आउने भौतिक तथा अभौतिक विषय वा वस्तुहरु सुरक्षित राख्ने, कायम राख्ने, नियन्त्रण एवं व्यवस्थापन गर्ने, अभ्यास र विकास गर्ने हक हुनेछ ।

**(६) भाषा, लिपि र धर्म सम्बन्धी हक :** आदिवासी जनजातिहरुलाई आफ्नो भाषा, लिपि र परम्परा देखि अवलम्बन र अभ्यास गरिआएको धर्म एवं आध्यात्मिक विश्वासको संरक्षण, अनुपालन र सम्बर्द्धन गर्ने हक हुनेछ ।

(७) **स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको हक** : आदिवासी जनजातिहरुसंग सरोकार राख्ने तथा उनीहरुलाई प्रभावित पार्ने संविधान निर्माण वा संशोधन, कानुन, नियम र नीति तर्जुमा, अवलम्बन, कार्यान्वयन, संशोधन, परिमार्जन र खारेजी गर्दा वा प्रशासनिक अथवा अन्य उपाय वा काम कार्यवाही अघि बढाउँदा तथा उनीहरुको क्षेत्रमा विकास आयोजनाहरु तर्जुमा, कार्यान्यिन वा संचालन गर्दा उनीहरुलाई अग्रिम सुसूचित र स्वतन्त्र सहमति वा बिमतिको हक हुनेछ ।

**(८) भूमि र प्राकृतिक स्रोत साधन सम्बन्धी हक :**

(१) आदिवासी जनजातिहरुले परम्परागत रुपमा भोगी, चर्ची, ओगटी आएको र ऐतिहासिक एवं सांस्कृतिक सम्बन्ध रहेको भूमि, भू-क्षेत्र, चरन, वन, जलश्रोत लगायतको प्राकृतिक संसाधनहरुमा उनीहरुको स्वामीत्व र पहुँचको हक हुनेछ ।

(२) आदिवासी जनजातिहरुलाई उनीहरुको परम्परागत भूमिमा रहेको प्राकृतिक संसाधन तथा जैविक विविधताको स्वामीत्व, पहुँच, नियन्त्रण, व्यवस्थापन, संरक्षण र विकास गर्ने तथा बिभिन्न क्षेत्रबाट प्राकृतिक संसाधान र जैविक बिविधताको ब्यबस्थापन र बिकास गरेको भए पनि त्यसबाट हुन आउने लाभ समेत प्राप्त गर्ने हक हुनेछ ।

(३) आदिवासी जनजातिहरुको निर्विध्न र स्वतन्त्र मन्जूरी बिना वा दवाव, त्रास, विवसता वा छलछामद्वारा लिइएका उनीहरुको भूमि तथा प्राकृतिक संसाधनहरु पुन प्राप्त गर्ने उनीहरुलाई हक हुने छ । पुनः प्राप्त गर्न नसकिने कुनै तथ्यपरक कारण विद्यमान भएमा कानुनमा व्यवस्था भए बमोजिम यथाशिघ्र न्यायपूर्ण क्षतिपूर्ती प्राप्त गर्ने हक हुनेछ ।

**(९) सामुदायीक र व्यक्तिगत हक :**

आदिवासी जनजातिहरुलाई आफ्नै मौलिक रीतिरिवाज, प्रथा, प्रथाजनिक कानुन र परम्परागत सामुदायिक संरचना अनुरुप आफ्नो पृथक पहिचान सहित स्वतन्त्रता र शान्तिपूर्वक सुरक्षित रुपमा बाँच्न वा रहन पाउने सामुदायीक तथा व्यक्तिगत हक हुनेछ । यो हक अनतिक्रमण्य हुनेछ ।

**(१०) शिक्षा सम्बन्धी हक :**

(१) आदिवासी जनजातिहरुलाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

(२) आदिवासी जनजातिहरुलाई मातृभाषाका विद्यालय तथा महाविद्यालय संचालन गर्न पाउने हक हुनेछ । यस्तो हक प्रचलनका निमित्त राज्य (संघ र राज्य सरकारहरु) ले आवश्यक साधन, स्रोतहरु उपलब्ध गराउनेछ ।

**(११) स्वास्थ्य सम्बन्धी हक :**

(१) आदिवासी जनजातिहरुलाई निशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ ।

(२) आदिवासी जनजातिहरुलाई स्वास्थ्य सेवाका परम्परागत ज्ञान, सीप र प्रविधिको अभ्यास, संरक्षण, सम्बर्द्धन र विस्तार गर्ने हक हुनेछ । यस्तो हकको प्रचलनको लागि राज्यले आवस्यक श्रोत साधान उपलब्ध गराउने छ ।

**(१२) सूचना र संचारको हक :**

(१) आदिवासी जनजातिहरुलाई आफ्नो सरोकारको कुनै पनि विषयको सूचना आफ्नो मातृभाषामा प्राप्त गर्ने हक हुनेछ ।

(२) आदिवासी जनजातिहरुलाई आफ्नो मातृभाषामा संचार माध्यमहरु स्थापना गर्ने र संचालन गर्ने हक हुनेछ र यस्तो हक प्रचालनका लागि उनीहरुलाई राज्य (संघ र राज्यसरकार) ले आवश्यक साधन, स्रोत उपलब्ध गराउने छ ।

(३) आदिवासी जनजातिहरुले सामुदायीक हितको लागि आफनो मातृ भाषामा सन्चालन गरेको सन्चार माध्यमलाई कुनै प्रकारको बन्देज लगाईने छैन ।
(४) आदिवासी जनजातिहरुको परम्परा, प्रथा, परम्परागत संस्था, मूल्य र मान्यता बारे गरिने नकारात्मक चित्रण, विद्वेष वा घृणा फैलाउने प्रचार, प्रसार र उनीहरुको प्रतिष्ठा वा आत्म सम्मानमा चोट पुऱ्याउने कार्यलाई कानुनमा व्यवस्था भए अनुसार राष्ट्र विरुद्धको अपराध मानी सरकारले प्रभावकारी कार्वाही गर्ने छ ।

**(१३) शोषण र दमन विरुद्धको हक :**

(१) प्रत्येक आदिवासी जनजाति व्यक्ति तथा समुदायलाई शोषण विरुद्धको हक हुनेछ । उनीहरुलाई राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शारीरिक र मानसिक रुपमा गरिने शोषणबाट मुक्त रहने हक हुनेछ ।
(२) आदिवासी जनजातिहरुलाई सैनिक एवं प्रशासनिक दमनबाट मुक्त रहने हक हुनेछ । कुनै पनि बाहानामा उनीहरु माथि कुनै पनि पक्षबाट गरिने सैनिक वा हिंसात्मक दमन मानवता विरुद्धको अपराध मानिने छ ।

**(१४) विशेष अधिकार सम्बन्धी हक :**

(१) आदिवासी जनजातिहरुको मानव अधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोग, अभ्यास तथा संरक्षणको निमित्त उनिहरुलाई विशेषाधिकार वा अग्राधिकारको हक हुनेछ ।
(२) अल्पसंख्यक एवं सिमान्तीकृत आदिवासी जनजाति समुदायलाई राज्यको बिभिन्न अंगमा प्रतिनिधित्व गर्ने बिशेष हक हुने छ ।

**(१५) महिलाको हक :**

(१) आदिवासी जनजाति महिलाहरुलाई पहिचान सहित अन्य महिला सरह महिला अधिकारको उपभोग तथा अभ्यास गर्ने हक हुनेछ । यस्तो हकको प्रचलनको लागि उनिहरुलाई राज्यबाट आवस्यक सहयोग प्राप्त गर्ने हक हुने छ ।
(२) संघ, राज्य र स्वायत्त इकाईका हरेक संरचना, निर्णायक निकाय र निर्णय प्रक्रियामा जातीय समानुपातिक समावेशीताको आधारमा प्रतिनिधित्वको हक हुनेछ ।
(३) आदिवासी जनजाति महिला भएकै कारणले कुनै पनि क्षेत्रमा कुनै पनि किसिमको जातिय र लैगिंक भेदभाव गरिने छैन ।

## ५. राजनैतिक हकको प्रचलन

राजनैतिक हकको प्रचलन सम्बन्धी व्यवस्था निम्नानुसार हुनु पर्दछ ।
(१) राजनैतिक हकको प्रचलन आफ्नो बसोबास भएको ठाउँमा गरिने छ ।
(२) कुनै पनि व्यक्तिले एकभन्दा बढी राज्यमा राजनैतिक हकको प्रयोग गर्न पाउने छैन ।
(३) राजनैतिक अधिकार (मत दिने, दल खोल्ने, जनमत बनाउने, चुनावमा उम्मेदवार बन्ने आदि) को प्रचलन संघीय तहमा संघीय कानुनले र राज्य तथा जनस्तरीय स्वायत्त निकायहरुमा हकमा तत्तत् निकायको कानुनहरुले गरेका व्यवस्था बमोजिम हुनेछ ।

## ६. राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु

राज्यको दायित्व, निर्देशक सिद्धान्त, नीतिहरुमा न्यूनतम रुपमा निम्नानुसार उल्लेख हुनु पर्दछ ।
(१) राज्यको दायित्व : (क) राज्य (संघ र राज्य सरकारहरु) संरचनाको सबै अंगहरुमा आदिवासी जनजातिहरुलाई लैगिक तथा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व गराउने राज्यको दायित्व हुनेछ ।
(ख) आदिवासी जनजातिहरुको हकहरुको प्रचलनका लागि आवश्यक प्रक्रिया, विधि र संयन्त्रको विकास गर्नु र त्यसको लागि संशाधनको व्यवस्था गर्नु पनि राज्यको दायित्व हुनेछ ।
**(२) निर्देशक सिद्धान्त** : सबै किसिमको सामाजिक एवं आर्थिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रादायको विशिष्टता र विविधतालाई सम्मान गर्दै उनीहरु बीच सामन्जस्य र सद्भाव स्थापना गरी न्याय, नैतिकता र पारस्परिक सम्मानमा आधारित स्वस्थ सामाजिक जीवन र समतामूलक समाजको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।
**(३) राज्यका नीतिहरुः** विभिन्न धर्म, संस्कृति, जात, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाहरुका बीच समानता र सहअस्तित्वका आधारमा स्वस्थ्य र सुमधुर सामाजिक सम्बन्ध विकास गरी सबैको पहिचान, भाषा, साहित्य, लिपि,

कला र संस्कृतिलाई समान हैसियत प्रदान गर्ने तथा सबैको अस्तित्वलाई मान्यता दिने र मुलुकको सांस्कृतिक, भाषिक, धार्मिक र जातीय विविधतालाई कायम राख्दै पारस्परिक विश्वास र समझदारी, सहिष्णुता, प्रतिष्ठा, समानता, समता, अल्पसंख्यकहरुको कदर, आपसी समझदारी र सम्मान, समावेशीकरण, मेलमिलाप, परामर्श, संवाद, सहमति र संझौता जस्ता आधारभूत मूल्यहरुको प्रबर्द्धन गरी राष्ट्रिय एकता सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

**७. राज्यको संरचना**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना निम्न वमोजिम हुनु पर्दछ।

(१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तहगत संरचना देहाय अनुसार हुनेछन् :

(क) संघ

(ख) राज्य

(ग) स्वायत्त क्षेत्र/इलाका/समुदाय/नगर (जनस्तरीय स्वायत्त निकायहरु) :

१. जातीय स्वायत्त क्षेत्र,
२. जातीय स्वायत्त इलाका,
३. जातीय स्वशासित समुदाय,
४. वहुसांस्कृतिक स्वायत्त इलाका,
५. नगरपालिका

**(२) राज्यहरुको सीमा निर्धारणका सिद्धान्त र आधार :** जाति, भाषा, संस्कृति, ऐतिहासिक पृष्टभूमी, भौगोलिक अवस्थिति, जनचाहना, द्वन्द समाधान, प्रशासनिक सुगमता र आर्थिक सभाव्यताका आधारहरु मध्ये सबै वा केही उपयुक्त आधारमा राज्य र जनस्तरीय स्वायत्त ईकाईहरुको सीमा निर्धारण गरिएको छ।

**(३) राज्य र स्वायत्त क्षेत्र/इलाका/समुदाय/नगरको नामाकरण :** आदिवासी जनजातिहरुको इतिहास, भूगोल, भाषा, संस्कृति, प्रतिष्ठा, स्वामीत्वबोध वा अपनत्वबोध, उत्पीडित समुदाय लगायत अन्य जात-जातिहरुको समर्थन, प्रदेश वा क्षेत्र विशेषको ऐतिहासिक वा प्रागऐतिहासिक स्थल-नामहरु मध्ये सबै वा केहीको आधारहरुमा राज्य र स्वायत्त क्षेत्र/ईलाका/समुदाय र नगरहरुको नामाकरण गरिएको छ।

**(४) राज्यहरु : संघीय नेपालमा देहाय अनुसारका स्वायत्त राज्यहरु हुनेछन् :**

१. लिम्बुवान
२. किरात/खम्बुवान
३. मिथिला
४. ताम्सालिङ
५. नेवाः
६. तमुवान
७. भोजपूरा-अवध
८. मगरात
९. थारुहट
१०. पूर्व खसान
११. पश्चिम खसान

**(५) स्वायत्त क्षेत्र/इलाका/समुदाय :** आदिवासी जनजातिहरुका निम्न स्वायत्त क्षेत्र/ईलाका/समुदाय हुनेछन् :

**क. आदिवासी स्वायत्त क्षेत्र :**

१. कोचिला
२. शेर्पा स्वायत्त क्षेत्र
३. औलिया स्वायत्त क्षेत्र , (माझी, दनुवार, बोटे र दराईको स्वायत्त क्षेत्र)
४. वल्लो किरात कोइच
५. भूजेल
६. चेपाङ

७. कुमाल
८. माझी
९. धानुक

**ख. आदिवासी स्वायत्त इलाका :**

१. याक्खा
२. वालुङ
३. ढोक्प्या
४. सिङसावा
५. भोटे
६. सन्थाल
७. झाँगड
८. ताजपुरिया
९. गन्गाई
१०. धिमाल
११. थामी
१२. पहरी
१३. जिमीवान (याम्फू, लोहोरुङ, मेवाहाङ)
१४. छन्त्याल
१५. बरामु
१६. दुरा
१७. राउटे
१८. हायु
१९. रोङ (लाप्चा)
२०. ह्योल्मु
२१. थसाङ (थकाली)
२२. मुस्ताङ (पाँचगाँउले, वारगाँउले, तीनगाँउले, मार्फाली, लोपा)
२३. जिरी (जिरेल)
२४. मेचे
२५. व्याँसी (व्याँसी सौका)
२६. डोल्पो
२७. मुगाल

ग. आदिवासी स्वायत्त समुदाय (अल्पसंख्यक, सीमान्तीकृत र सानो ठाँउमा सीमित)

१. किसान (मागुरमाडी, मेचीनगर)
२. सुरेल
३. कुशवाडिया
४. थुदाम
५. कुसुण्डा
६. बनकरिया
७. सियार
८. ताङ्वे
९. राजी

**घ. बहुसांस्कृतिक ईलाका (लगभग ९००)**

ङ. उपमहानगर पालिका तथा नगरपालिका (लगभग ८०) (नेवा: क्षेत्रको महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरु भने नेवा: राज्य सरकारले निर्णय गरे अनुसार हुनेछ ।)

**८. राज्यशक्तिको बाँडफाँड**

राज्यशक्तिको बाँडफाँड सम्बन्धमा निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

**१) संघको कार्य क्षेत्र (काम, कर्तव्य र अधिकार)**

क. राष्ट्रिय सुरक्षा र सेना
ख. परराष्ट्र मामिला
ग. मौद्रिक नीति
घ. केन्द्रीय बैंक तथा वित्तीय संस्थाहरु
ङ. अन्तराष्ट्रिय व्यापार र भन्सार व्यवस्थापन
च. हवाई उड्डयन र ठूला विमान स्थल
छ. हुलाक तथा दूर संचार
ज. दुई वा सो भन्दा बढी राज्यहरुलाई प्रभाव पार्ने ठूल्ठूला पूर्वाधारहरु
ञ. अन्तरराज्यीय समन्वय र संघीय मामला
ट. संघीय स्तरमा रहने संवैधानिक अंग/आयोगहरु

**२) राज्यहरुको कार्यक्षेत्र (काम, कर्त्तव्य र अधिकार)**

क. शिक्षा
ख. स्वास्थ्य, श्रम तथा सामाजिक सुरक्षा/समाज कल्याण
ग. कृषि, पशुपालन
घ. उद्योग
ङ. वन तथा पर्यावरण
च. संस्कृति, कला तथा भाषा
छ. यातायात
ज. खानेपानी तथा सरसफाइ
झ. जलस्रोत
ञ. खानी तथा खनिज पदार्थ
ट. भूमि सुधार तथा भूमि व्यवस्थापन
ठ. व्यापार व्यवशाय, उद्योग
ड. शान्ति सुरक्षा र प्रहरी प्रशासन
ण. उच्च अदालत र स्वायत्त क्षेत्र, इलाका र नगर अदालतहरु
त. संघीय र साझा कार्यक्षेत्रमा (सूचीमा) नपरेका विषयहरु

**३) संघ र राज्यको साझा कार्यक्षेत्र**

क. ठूल्ठूला भौतिक पूर्वाधारहरु
ख. अन्तर्राज्यीय जनमार्ग, रेलमार्ग
ग. ठूला खनिज सम्पदा
घ. राष्ट्रिय निकुञ्ज
ङ. अन्तर्राज्यीय सिंचाइ र जलस्रोत व्यवस्थापन
च. उच्च शिक्षा
छ. अन्तरराज्यीय व्यापार प्रवर्द्धन र वाणिज्य एवं सांस्कृतिक दूतको व्यवस्था
ज. विश्व सम्पदा
झ. नदीको उपल्लो वहावक्षेत्र र तल्लो वहाव क्षेत्रको लाभको बाँडफाँड
ञ. विभिन्न कर र राजस्व, वित्तीय व्यवस्थापन

**४) स्वायत्त क्षेत्र/इलाका/समुदाय र नगरपालिकाको कार्यक्षेत्र**

क. क्षेत्रीय/ईलाका स्तरीय/सामुदायिक र नगरस्तरीय पूर्वाधार (बाटो, सडक, खानेपानी, सरसफाइ, लघु जलविधुत, आदि)

ख. स्वास्थ्य र सामाजिक सुरक्षा

ग. शिक्षा (आधारभूत शिक्षा)

घ. कृषि तथा पशुपालन

ङ. उद्योग

च. वनजंगल

छ. स्थानीय शान्ति सुरक्षा र प्रहरी प्रशासन

ज. स्थानीय स्तरको खानी तथा खनिज

झ. मादक पदार्थ

ञ. भाषा, संस्कृति, कला

ट. व्यापार व्यवसाय

ठ. भूमि सुधार तथा भूमि व्यवस्थापन

ड. सम्पत्तिकर, मालपोत, व्यवसायिक कर, यातायात कर, स्थानीय कर

ढ. जनसंख्या व्यवस्थापन

ण. जनशक्ति विकास

त. मनोरञ्जन

थ. अन्य स्थानिय स्तरका विषयहरु

**९.संघ र राज्यको साझा कार्यक्षेत्र**

क. साझा कार्य क्षेत्रमा पर्ने विषयका कार्य वा कार्ययोजनाहरु जुन तहबाट पहल गरिएको हो सो तह को पहलमा सम्बद्ध अर्को पक्ष वा पक्षहरुबाट सहमति लिने र सहकार्य गर्ने व्यवस्था गर्नुपर्नेछ

**१०. वित्तीय साधनको बाँडफाँड**

वित्तीय साधनको व्यवस्थापन र बाँडफाँड निम्न बमोजिम हुनु पर्दछ ।

(१) भन्सार, संस्थागत आयकर लगाउने र उठाउने अधिकार संघको हुनेछ ।

(२) मूल्य अभिवृद्धिकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, सवारी साधन कर र अन्तशुल्क र प्राकृतिक स्रोत माथिको कर र रोयल्टी (सलामी दस्तुर) लगाउने र उठाउने अधिकार राज्यको हुनेछ ।

(३) सम्पत्ति कर, मनोरंजन कर, घरजग्गा वहालकर, घरजग्गा रजिष्ट्रेसन दस्तुर, मालपोत, व्यवशाय दर्ता कर लगाउने र उठाउने अधिकार स्वायत्त क्षेत्र, इलाका, समुदाय र नगरपालिकाहरुको हुनेछ ।

(४) संघको अधिकार क्षेत्र बाहेकका विषयको कर लगाउने अधिकार राज्यमा हुनेछ ।

(५) संघको संचित कोषमा जम्मा भएको राजस्वको सामान्यतया ३५ संघीय कोषमा राखि बांकी ३० प्रतिशत राज्यहरुलाई र ३५ प्रतिशत स्वायत्त क्षेत्र, इलाका, समुदाय र नगरपालिकाहरुलाई प्रशासनिक कार्य र विकास कार्यक्रम संचालनको लागि संघले उपलब्ध गराउने छ ।

(६) राज्यहरुले आफ्ना विकास आयोजनाहरु संचालनको लागि दातृ राष्ट्र, संस्था र निकायहरुसंग सम्पर्क राख्न, सम्झौता गर्न र सहयोग लिन सक्नेछन् । तर यस्तो कार्यका सम्पूर्ण प्रक्रिया र परिणाम बारे सघीय सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(७) राज्य सरकारहरुले आफ्नो प्रदेशको आर्थिक एवं औद्योगिक विकासको लागि आवश्यक आर्थिक नीति अवलम्बन गर्न र वैदेशिक लगानी आकर्षण गर्न तथा लगानीको अनुमति दिन सक्नेछन् । यस्तो कार्य गर्दा राज्य सरकारहरुले स्वशासित इकाइहरुको पूर्व सहमति लिनुपर्नेछ ।

(८) राष्ट्रिय प्रतिष्ठा, स्वतन्त्रता, सर्वभौमिकता र वहुमूल्य प्राकृतिक स्रोत साधनको दीर्घकालीन उपयोग संग जोडिएका ठूलाठूला आयोजनाहरु संचालनको निमित्त संघीय व्यवस्थापिकाको दुइतिहाई वहुमतको साथै बहुसंख्यक राज्यहरुको व्यवस्थपिकाको वहुमतको समर्थन जरुरी हुनेछ ।

**११. संघीय कार्यपालिका**

संघीय कार्यपालिकाको सम्बन्धमा निम्नानुसारको व्यवस्था हुनु पर्दछ ।

(१) राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन : संघीय व्यवस्थापिकाका दुवै सदन प्रतिनिधिसभा तथा संघियसभा र राज्यहरुका व्यवस्थापिका - जनप्रतिनिधिसभा र राज्य सभाको निर्वाचक मण्डलले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्नेछ । निर्वाचन एकल संक्रमणीय मतदान प्रणालीबाट हुनेछ ।

(२) राष्ट्रपति र उपराष्ट्रपति दुई भिन्नाभिन्नै राज्य वा भौगोलिक क्षेत्रबाट निर्वाचित हुनेछन् ।

(३) राष्ट्रापति र उपराष्ट्रपतिको पदावधि : राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल ७ वर्षको हुनेछ र उनीहरु दोहोरिएर निर्वाचत हुन सक्ने छैनन् । तर उपराष्ट्रपति राष्ट्रपतिको पदमा निर्वाचित हुनलाई कार्यकाल दोहोरिएको मानिने छैन ।

(४) जुन राज्यबाट राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भएका छन्, त्यही राज्यबाट पुनः तत्काल राष्ट्रपति र उपराष्ट्रपतिका उम्मेदवार बन्न सक्ने छैनन् । बाँकी राज्यहरुबाट राष्ट्रपति र उपराष्ट्रपति बन्ने क्रम टुंगिए पछि मात्र फेरी ती राज्यहरु दोहोरिएर राष्ट्रपति र उपराष्ट्रपतिका उम्मेदवार उठाउन समर्थ हुनेछन् ।

(५) राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन गर्दा सामाजिक समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिने छ ।

(६) कार्यकारिणी अधिकार : संघको कार्यकारिणी अधिकार प्रधानमंत्री र संघीय मन्त्रीपरिषदमा निहीत हुनेछ ।

(७) संघीय व्यवस्थापिकामा वहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।

(८) संघीय मंत्री परिषद नेपालको सामाजिक संरचना, भौगोलिक संरचना र संघीय संरचना अनुरुपको सर्वोत्तम स्तरको समावेशी हुनेछ ।

(९) मंत्री परिषदका ४० प्रतिशत सदस्यहरु महिला हुनेछन् र महिलाभित्र पनि  विविधतालाई ख्यालमा राखी मंत्री परिषदको महिला सदस्य नियुक्त हुनेछन् ।

**१२. राज्य कार्यपालिका**

राज्यको कार्यपालिकाका सम्बन्धमा निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

(१) राज्यपाल/गभर्नर : हरेक राज्यमा एक जना राज्यपाल/गभर्नर रहने छ । राज्यपाल/गभर्नरका नियुक्ति राज्य व्यवस्थापीकाको वहुमतको सिफारिसमा राष्ट्रपतिले गर्नेछ ।

(२) कार्यकारिणी अधिकार : राज्यको कार्यकारिणी अधिकार राज्यको मंत्री परिषदमा नीहित हुनेछ ।

(३) राज्यको मंत्री परिषदको गठन : राज्यको व्यवस्थापिका जनप्रतिनिधिसभा र राज्य सभामा वहुमत प्राप्त दलका नेतालाई राज्यपाल/गभर्नरले मुख्यमंत्रीको पदमा नियुक्त गर्नेछ । मुख्यमंत्रीले आफ्नो मंत्रीमण्डल गठन गर्ने छ । मंत्रीमण्डल सर्वोत्तम रुपले समावेशी हुनेछ ।

**१३. संघीय व्यवस्थापिका**

संघीय व्यवस्थापिकाका सम्बन्धमा निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

(१) संघीय व्यवस्थापिकाको गठन : संघीय व्यवस्थापिका दुई सदनात्मक हुनेछ - प्रतिनिधि सभा र संघीय सभा ।

(२) प्रतिनिधि सभाको गठन : (क) प्रतिनिधि सभामा कुल सदस्य संस्था २३२ रहने छ । जसमध्ये १३४ जना प्रत्यक्ष निर्वाचनबाट र ९८ जना समानुपातिक निर्वाचनबाट निर्वाचित भएर आउने छन् । (ख) प्रतिनिधि सभाको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित्र हुने १३४ सदस्यहरुको निर्वाचनका लागि ६७ निर्वाचन क्षेत्रहरु कायम गरी हरेका क्षेत्रबाट एक जना पुरुष र एक जना महिला निर्वाचित हुनु पर्नेछ । (ग) प्रतिनिधिसभाको निर्वाचन परिणाम आएपछि प्रत्येक दलले पाएको मत प्रतिशतको आधारमा क्षतिपूर्ति वापतको प्राप्त हुने ९८ सिट संख्यामा निर्वाचनबाट प्रतिनिधित्व नभएका अल्पसंख्यक, सीमान्तकृत र वहिष्करणमा परेका समुदायबाट प्रतिनिधित्व गराइने छ । (घ) प्रतिनिधि सभामा निर्वाचनका निमित्त राजनैतिक दलले उम्मेदवारी दिदा जातीय जनसंख्याको आधारमा आदिवासी जनजाति, दलित, अल्पसंख्यक लगायतलाई समानुपातिक प्रतिनिधित्व गरउनु पर्नेछ ।

(३) संघीय सभाको गठन : संघीय सभामा देहाय बमोजिको ८५ सदस्यहरु रहने छन् : (क) प्रत्यक राज्यका जनप्रतिनिधि सभा र राज्यसभाका कुल सदस्यहरुद्वारा एकल संक्रमणीय मतको आधारमा कानुनमा व्यवस्था भए अनुसार निर्वाचित हुने २ महिला तथा २ पुरुष गरी जम्मा ४ जना सदस्यहरुको हिसाबले ११ राज्यबाट कुल ४४ सदस्यहरु । (ख) अल्पसंख्यक आदिवासी जनजाति समुदायद्वारा आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया

(Communitarian Democracy) अन्तर्गत आफ्नै मौलिक प्रकृया र प्रतिनिधिमूलक संस्थाबाट लैंगिक र जातीय सन्तुलनको आधारमा छानिएका २१ सदस्यहरु । (ग) अन्य अल्पसंख्यक र सीमान्तीकृत समुदाय, दलित, अपांग र यौनिक तथा लैंगिक अल्पसंख्यकहरु मध्येबाट संघीय सरकारले मनोनित गरेको २० जना सदस्यहरु । (घ) राज्यसभा स्थायी सदन हुनेछ र यस सदनका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुइ वर्षमा समाप्त हुनेछ । (ङ) राज्य सभाका सदस्यहरुको पदावधि ६ वर्षको हुनेछ । (च) संवैधानिक अंगका पदाधिकारीहरु र राज्दूतहरुको नियुक्ति, राज्य र त्यसभन्दा मुनिका स्वायत्त निकायहरुसंगको राजस्व बाँडफाँड र अनुदान वितरण सम्बन्धी नीति तथा सिद्धान्तको संघियसभाद्वारा अनुमोदन आवश्यक हुनेछ । (छ) संघ र राज्यहरुको साझा कार्यक्षेत्र संग सम्बन्धित कानून तथा नीतिहरु निर्माण र कार्यन्वयन गर्दा संघीय सभाको समर्थन आवश्यक हुनेछ

**१४. राज्य व्यवस्थापिका**

राज्य व्यवस्थापिकाका सम्बन्धमा निम्नानुसार व्यवस्था हुनु पर्दछ ।

(१) राज्य व्यवसाथपिका : राज्य व्यवस्थापिका दुई सदनात्मक हुने छ । तल्लो सदनलाई जन प्रतिनिधिसभा र माथिल्लो सदनलाई राज्यसभा भनिने छ ।

(२) जनप्रतिनिधिसभाको गठन : (क) जनप्रतिनिधिसभामा कुल सदस्य संख्या बढीमा १०० रहने छ । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ५० प्रतिशत र समानुपातिकबाट ५० प्रतिशत हुनेछ । (ख) जनप्रतिनिधिसभाका सदस्यहरुको निर्वाचन क्षेत्रबाट १ महिला र १ पुरुष गरी २ जना निर्वाचित हुनु पर्नेछ । (ग) जनप्रतिनिधि सभाको प्रत्येक निर्वाचनको निमित्त राजनैतिक दलले उम्मेदवारी दिदा जातीय जनसंख्याको अधारमा समानुपातिक प्रतिनिधत्वि गराउनु पर्नेछ । (घ) जनप्रतिनिधिसभाको परिणाम आए पछि समानुपातिक तर्फ प्रत्येक दलले प्राप्त मत प्रतिशतको आधारमा छनौट गर्दा ६० प्रतिशत सम्बन्धित राज्यको आदिवासी वा मूलवासी जनजाति र ४० प्रतिशत अन्य प्रतिनिधित्व नपाएका अल्पसंख्यक, सीमान्तीकृत वहिष्कृत भएका समुदाय तथा अन्य समुदायहरुबाट प्रनिनिधित्व गराइने छ । (ङ) बिघटन भएमा बाहेक जनप्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको हुनेछ ।

(३) राज्यसभाको गठन : आदिवासी परम्परा र प्रक्रिया अनकूल जातीय, क्षेत्रीय र लैंगिक सन्तुलन हुने गरी कानुनमा व्यवस्था भए बमोजिम निर्वाचित ५० जना सम्मको राज्यसभा रहनेछ । (क) राज्यसभाको २५ प्रतिशत सदस्यहरु जातीय स्वायत्त क्षेत्र, २० प्रतिशत जातीय स्वायत्त इलाका, ५ प्रतिशत जातीय स्वायत्त समुदाय र बाँकी ५० प्रतिशत बहुसांस्कृतिक स्वायत्त इलाका र नगरपालिकाहरुबाट निर्वाचित हुनेछन । (ख) राज्यस्तरका महत्वपूर्ण पदहरुको नियुक्ति र स्वायत्त इकाईहरुलाई जाने अनुदान बाँडफाँड सम्बन्धी नीति तथा सिद्धान्तको राज्यसभाबाट अनुमोदन हुनु पर्नेछ ।

**१५. स्वायत्त क्षेत्र, इलाका, समुदाय र नगरपालिका**

जातीय स्वायत्त क्षेत्र, जातीय स्वायत्त इलाका, जातीय स्वशासित समुदाय, वहुसांस्कृतिक इलाका र नगरपालिकाहरु सम्बन्धी निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

(१) जातीय इलाका, वहुसांस्कृतिक इलाका र नगरपालिकाहरुका स्वायत्त क्षेत्र, जातीय स्वायत्त इलाका, वहुसांस्कृतिक इलाका र नगरपालिकाहरुको कानुनमा व्यवस्था भए बमोजिम आआफ्नै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुने तथा अन्य निकायहरु हुनेछन् र आआफ्नो क्षेत्रमा लागू हुने आआफ्नो कानुनहरु बनाउने छन् ।

(२) जातीय स्वशासित समुदायहरु भने आफ्नै परम्परागत कानुनी, रीतिथिति, नीति, नियम अनुसार स्वशासित हुनेछन् ।

(३) जातीय स्वायत्त क्षेत्र, इलाका र समुदायमा संघीय कानुन, राज्य कानुन र प्रथागत कानुन समान रुपमा लागू हुनेछ । प्रथागत कानुनसंग नमिल्ने संघीय र राज्यको कानुन नमिलेको हदसम्म निस्कृय हुनेछन् । तर यस्ता प्रथागत कानूनहरुको मानवअधिकारको सर्वमान्य सिद्धान्तको प्रतिकूल हुनु हुने छैन ।

(४) जातीय स्वायत्त क्षेत्र, इलाका र समुदायका प्रथा र प्रथाजनित कानुनहरुलाई लिपिबद्धका साथै सम्बद्ध जानकार र विशेषज्ञहरुको सहयोग अद्यावधिक गरिने छ ।

(५) जातीय स्वायत्त क्षेत्र, इलाका र समुदायमा परम्परागत न्याय सम्पादन संस्था र प्रणालीलाई सुदृढ गरिने छ ।

(६) वहुसांस्कृतिक स्वायत्त इलाका र नगरपालिकाहरुमा समेत परम्परागत न्याय सम्पदान, मध्यस्थता, मेलमिलाप प्रणालीलाई सुदृढ गरिने छ ।
(७) जातीय स्वायत्त क्षेत्र, जातीय स्वायत्त इलाका, जातीय स्वशासित समुदाय, वहुसांस्कृतिक इलाका र नगरपालिकाहरुले संघीय सरकार र राज्य सरकारहरुबाट कानुनमा व्यवस्था भए बमोजिम सोभ्कै अनुदान रकम, प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्ने छन् ।

**१६. न्याय पालिका**

न्यायपालिकाका सम्बन्धमा निम्नानुसार व्यवस्था हुनु पर्दछ ।
(१) (क) नेपालको न्याय प्रणाली न्यायिक/कानुनी वहुलतामा आधारित हुनेछ । (ख) आदिवासी जनजातिहरुको मौलिक न्याय संस्था, प्रथा र प्रथाजनित कानुनलाई नेपालको न्याय प्रणालीमा मान्यता दिइने छ ।
(२) संघीय संवैधानिक अदालत : (क) संघमा एक संवैधानिक अदालत रहने छ जसमा एक जना प्रधान न्यायधीश सहित ७ जना न्यायधीशहरु रहने छन् । (ख) न्यायधीशहरु नियूक्त गर्दा लैगिक समानता कायम राख्दै जातीय समानुपातिक प्रतिनिधित्वको आधारमा गरिने छ । (ग) संघीय संवैधानिक अदालतका प्रधान न्यनयधीसको नियुक्ति न्यायसेवामा विभिन्न हैसियतमा २५ वर्ष काम गरेको वा कानुनमा स्नातक भई लगातार २५ वर्ष कानुन व्यावशायीको रुपमा काम गरेको वा लगातार ३० वर्ष कानुनको क्षेत्रमा अध्यापन, अध्ययन र अनुसन्धान गरेको कानुनु विज्ञहरु मध्येबाट संवैधानिक परिषदको सिफरिमा राष्ट्रपतिले गर्नेछ । (घ) अन्य न्यायधीशहरुको नियुक्ति संघीय न्याय परिषदको सिफारिसमा प्रधान न्यायधिसले गर्नेछ । (ङ) संघिय संवैधानिक अदालतको क्षेत्राधिकार देहाय वमोजिम हुनेछ - स्वायत्त राज्य बीचको विवाद, अन्तर्राष्ट्रिय क्षेत्रसंग सम्बन्धित विषय र संवैधानिक विवाद ।
(३) अन्य अदालतहरु : संघ, राज्य र स्वायत्त इकाइ अर्न्तगतका कानुनहरुको विवाद निम्न अदालतहरुले कानुनमा व्यवस्था भए बमोजिम निरुपण गर्ने छ ।
(क) सर्वोच्च अदालत (संघ)
(ख) उच्च अदालत (राज्य)
(ग) क्षेत्रीय/इलाका अदालत (स्वायत्त क्षेत्र/इलाका/नगरपालिका)
(४) अदालतका न्यायधीशहरुको नियुक्ति : सर्वोच्च अदालत लगायत अन्य अदालतहरुका न्यायधीहरुको नियुक्ति जात जाति, समुदाय, लिंग र भौगोलिक क्षेत्रको सन्तुलित र समानुपातिक प्रतिनिधित्व हुने गरी गरिने छ ।
(५) संघीय न्याय परिषद
संवैधानिक अदालत र सर्वोच्च अदालतका न्यायधीशहरुको नियुक्ति, अनुशासन सम्बन्धी कारबाही र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरुको सिफारिश गर्न वा परामर्श दिन संघीय न्यायपरिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरु हुनेछन् :

- (क) प्रधान न्यायाधीश- अध्यक्ष
- (ख) संघीय कानुन तथा न्याय मन्त्री - सदस्य
- (ग) नेपाल बार एशोसिएशनको सिफारिसमा प्रधान न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता - सदस्य
- (घ) कानुनविद् मध्येवाट जनजाति, मधेशी, दलित समुदायका राष्ट्राध्यक्षवाट नियुक्त तीन जना - सदस्य
- (ङ) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना - सदस्य

(६) राज्य अदालतहरु

१) प्रत्येक राज्यमा देहाय बमोजिमका अदालतहरू रहनेछन् :-

- (क) उच्च अदालत,
- (ख) स्वायत्त क्षेत्र तथा इलाका अदालत
- (ग) सामुदायिक अदालत, मध्यस्थता, नगर/गाउँ न्यायालय र मेलमिलाप केन्द्र

२) माथी लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न प्रान्तको कानुनद्वारा आवश्यकता अनुसार अन्य अर्ध न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।

३) राज्य उच्च अदालत :

क) राज्य न्यायपालिकाको सबैभन्दा माथिल्लो तह राज्यको उच्च अदालत हुनेछ । उक्त अदालतमा पमुख न्यायाधीशका अतिरिक्त बढीमा पाँच जनासम्म अन्य न्यायाधीशहरू रहनेछन् । कुनै समयमा प्रान्तको उच्च अदालतमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशहरूको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिका लागि अस्थायी न्यायाधीश नियुक्त गर्न सकिनेछ ।

ख) राज्यको सबै अदालत र न्यायिक निकायहरू उच्च अदालतका मातहतमा हुनेछन् । उच्च अदालतले आफ्नो मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरीवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

ग) राज्यको ऐन काननुको व्याख्या गर्ने अन्तिम अधिकार प्रान्तको उच्च अदालतमा निहित रहनेछ ।

४) स्वायत्त क्षेत्र/इलाका अदालत : स्वायत्त क्षेत्र अदालत तथा इलाका अदालतको स्थापना राज्य उच्च अदालत मातहत रहनेगरी राज्य कानुनद्वारा ब्यवस्थीत हुनेछ ।

५) सामुदायिक अदालत, मध्यस्थता, नगर/गाउँ न्यायालय र मेलमिलाप केन्द्र :

(७) राज्य न्याय परिषद् :

१) राज्य र स्वायत्त क्षेत्र तथा इलाकाहरुको न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिश गर्न वा परामर्श दिन राज्य न्याय परिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू हुनेछन्:-

(क) प्रमुख न्यायाधीश, उच्च अदालत - अध्यक्ष

(ख) उच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना - सदस्य

(ग) राज्य बार एशोसिएशनको सिफारिसमा प्रमुख न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा पन्द्रह वर्षको अनुभव प्राप्त अधिवक्ता - सदस्य

घ) कानुनविद् मध्येवाट मुख्यमन्त्रीवाट मनोनित एक जना - सदस्य

(ङ) राज्य कानुन तथा न्यायमन्त्री - सदस्य

**१७. संवैधानिक अंग**

परम्परागत रुपमा रहिआएका संवैधानिक अंगहरु मध्ये आदिवासी जनजातिसंग सम्वन्धीत कार्य गरी आउने केही परम्परागत संवैधानिक अंग र प्रस्तावित संवैधानिक अंगहरु सम्वन्धी व्यवस्था निम्नानूसार हुनु पर्दछ ।

**क. भाषा तथा संस्कृति आयोग**

१. नेपालमा एक भाषा तथा संस्कृति आयोग हुनेछ । जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरु रहनेछन् ।

२. संबैधानिक परिषदको सिफारिसमा राष्ट्पतिले ६ वर्षको लागि भाषा तथा संस्कृति आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति गर्नेछ ।

३. भाषा तथा संस्कृति आयोगका अध्यक्ष र सदस्यहरु बीस वा सो भन्दा बढी सरकारी सेवामा रहि काम गरेको वा भाषा तथा संस्कृति हक अधिकार सम्बन्धि सोध, अनुसन्धान, अध्यापन, गरि ख्याति प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुनेछन् । यसरी नियुक्ति गरिदा देश भित्रका विभिन्न भाषा संस्कृतिको प्रतिनिधीत्व गराईने छ ।

५. देहाय बमोजिम नभई कुनै व्यक्ति भाषा तथा संस्कृति आयोगका अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुने छैन ।

क) मान्यता प्राप्त विश्वबिद्यालयबाट स्नाकोत्तर उपाधि प्राप्त गरेको ।

ख) नियुक्ति हुदाँ बखत कुनै राजनैतिक दलको सदस्य नरहेको ।

ग) ४० वर्ष उमेर पुरा नभएको ।

घ) उच्च नैतिक चरित्र कायम भएको ।

**काम कर्तव्य अधिकार:**

क) नेपालमा बोलिने सबै भाषाहरु राष्ट्र भाषा हुने भएकोले भाषा प्रयोगको निति निर्माण सिफारिस र अनुगमन गर्ने ।

ख) राज्यका भाषाहरु पहिचान गरी सरकारी कामकाजमा प्रयोगको सिफारिस गर्ने ।

ग) मातृ भाषा शिक्षा/वहुभाषिक शिक्षा सम्बन्धी कार्यको अनुगमन गर्ने ।

घ) लोपोन्मुख भाषा तथा लिपीको संरक्षण, सम्बर्द्धन र विकासका लागि संघीय र राज्य सरकारलाई सहयोग पुऱ्याउने ।

ङ) विभिन्न धर्म, संस्कृति, कला, लिपीहरुको समानताको आधारमा विविधता कायम राखी राष्ट्रीय एकतालाई मजवुत बनाउने तर्फ क्रियाशील रहने ।

च) भाषा तथा संस्कृति सम्बन्धी अधिकार उल्लंघन वा त्यसको दूरुत्साह भएको भएमा पीडित व्यक्ति वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानवीन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिश गर्ने ।

छ) भाषा तथा संस्कृति सम्वन्धी अधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवार वा कर्तव्य भएको पदाधिकारीलाई जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न सिफारिश गर्ने ।

ज) भाषिक तथा सांस्कृतिक अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुदा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुदा दायार गर्न सिफारिष गर्ने ।

झ) भाषिक तथा सांस्कृतिक अधिकार सचेतना अभिबृद्धि गर्न नागरिक समाजसंग  समन्वय र सहकार्य  गर्ने ।

ञ) भाषिक तथा सांस्कृतिक अधिकारको उल्लघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।

ट) भाषिक तथा सांस्कृतिक अधिकारसंग सम्बन्धित प्रचलित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनको सम्बन्धमा संघीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

ठ) भाषिक तथा सांस्कृतिक अधिकारसंग सम्बन्धित अर्न्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित संघीय सरकारलाई सिफारिश गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन नभएको पाईएमा सो को कार्यान्वयन गर्न संघीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

**ख. राष्ट्रिय महिला आयोग**

यस आयोगको गठनमा सबै जातिका महिलाहरु (आदिवासी) जनजाति, दलित, तराई, मुश्लीम, भौगोलिक रुपले पछाडि पारिएका को समानुपातिक रुपमा सहभागी रहने गरी प्रतिनिधी (सदस्य) हरु रहनु पर्दछ ।

**काम कर्तव्यः**

यस राष्ट्रिय महिला आयोगले नेपालका सम्पुर्ण जातजाति, भाषा, भाषी, संस्कृति र संस्कारले प्रभाव पारेका महिलाहरुको वा समुदायको सत्य र मान्यतालाई सम्मान गर्ने कानुन बनाउन राज्यलाई सुझाव दिने ।

समाजमा रहेका वा महिला माथि गरिने वा व्यवहार, शोषण, भेदभाव र हिसां जस्ता परम्परागत राज्य, मान्यता, धर्मलाई राज्यले कडा कानुन बनाउन सुझाव दिने र त्यसको विरुद्ध महिलाहरुलाई कानुनी रुपमा सचेत गर्ने ।

महिलाको मानव अधिाकारलाई प्रत्यभुति गराउने अन्तराष्ट्रिय कानुनलाई कानुनी रुपमा कार्यनवयन गर्ने र राज्यलाई दवाव दिने र महिलाहरुलाई यसबारे सचेत गर्ने ।

महिलाहरुको अधिकारलाई संरक्षण गर्न बनेका राष्ट्रिय कानुनहरुलाई कार्यन्वयन गर्न राज्यलाई दवाव दिने र महिलाहरुलाई यसबारे सचेत गर्ने ।

महिलाहरुको अधिकारलाई संरक्षण गर्न बनेका राष्ट्रिय कानुनहरुलाई विश्लेषण गर्ने र महिलाको हक र हितमा रहेका कानुनलाई कार्यन्वयन गर्ने र गराउन राज्यलाई दवाव दिने ।

आदिवासी जनजाति, दलित, मधिसी, सामाजिक रुपले पछाडि परेका महिलाहरुको हक र अधिकार सरक्षित गर्न निती नियम बनाउने ।

महिला सम्वन्धी अन्तराष्ट्रिय सन्धि र घोषणाहरु अनुरुप नेपालमा महिलाहरुको हक स्थापित गर्न र हित साध्य गर्न संघीय, राज्य र जनस्तरीय निकायका सरकारहरुलाई आवश्यक कानुन बनाउन निर्देशन दिने र त्यस्ता कनुनहरुको कार्यान्वयनको अनुगमन गर्ने ।

**ग. अल्पसंख्यक र सिमान्तकृत आयोग (मुस्लीम आयोग समेत)**

यस आयोगको गठनको लागि अल्पसंख्यक र अतिसिमान्तकृत सामाजिक, आर्थिक, राजनैतिक, भाषिक रुपले पछाडि पारिएका महिला, आदिवासी जनजाति, अपांग, दलित, मुस्लीम, एकल महिलाहरुको समानपातिक रुपमा सहभागिता रहन पर्दछ ।

**काम र कर्तव्य :**

- यस आयोगले राष्टिय कानन (आदिवासी जनजाति, लोपोन्मुख र अतिसिमान्तकृत) हरुको आर्थिक, सामाजिक, राजनैतिक, सास्कृतिक विकास, संरक्षण र अधिकार प्रयोग बारे निति नियम बनाउने, संरक्षण गर्ने ।
- अन्तराष्ट्रिय काननलाई कार्यन्वयन गर्ने र राज्यलाई गराउने ।

**घ. आदिवासी जनजाति आयोग**

१. नेपालमा एक आदिवासी जनजाति आयोग रहनेछ । जसमा देहाय बमोजिम एक अध्यक्ष र आवश्यक सदस्यहरु रहने छन् ।

(क) आदिवासी जनजातिहरुका हक, अधिकार लगायत जातिय (भाषिक, धार्मिक, साँस्कृतिक) पहिचानका लागि लामो समयदेखि विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरु मध्येबाट एक जना अध्यक्ष ।

(ख) आदिवासी जनजातिको मानवअधिकार, जातिय अधिकार लगायत अन्तराष्ट्रिय कानुनबारे प्रष्ट जानकारी राखेका र आदिवासी जनजातिको अधिकारको संरक्षण र सम्बर्धनका लागि विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट दुईजना सदस्य ।

(ग) आदिवासी जनजातिहरुको भाषा, लिपी, धर्म, संस्कृति, कला, साहित्य, कानुन, विज्ञान, प्रविधि वा अन्य आदिवासी जनजातिका क्षेत्रमा अनुसन्धान, अध्ययन वा कुनै महत्वपूर्ण कार्य गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्यातिप्रप्त व्यक्तिहरु मध्येबाट दुई जना सदस्य ।

२. आदिवासी जनाजाति आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्दा जातिय सन्तुलन कायम गर्रा वर्ग, लिङ र क्षेत्रको समानुपातिक समावेशीको सिद्धान्त अनुसार आदिवासी जनजाति समुदायबाट नियुक्ति गर्नु पर्नेछ ।

३. आदिवासी जनजाति समुदायको वास्तविक प्रतिनिधि मुलक संघसस्थाको छनौट बमोजिम प्रधानमन्त्रीले संवैधानिक परिषदको सिफारिशमा आदिवासी जनजाति आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

४. आदिवासी जनजाति आयोगको काम, कर्तव्य र अधिकार

(१) आदिवासी जनजातिको मानवअधिकार तथा जातिय अधिकारको सम्मान, संरक्षण सर्म्बधन गर्नु र त्यसको प्रभावकारी कार्यन्वययनलाई सुनिश्चित गर्नु आ. ज. आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(२) आदिवासी जनजातिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनद्वारा प्राप्त अधिकारको कार्यन्वयनको अनुगमन, मुल्याङ्कन तथा पूर्ण पालन गर्ने गराउने आ. ज. आयोगको कर्तव्य हुनेछ ।

(३) राज्यको विभिन्न निकायमा प्रतिनिधीत्व गर्दा प्रत्येक आदिवासी जनजाति समुदायले आफ्नो परम्परागत लोकतान्त्रिक प्रक्रिया अन्तर्गत आफ्नै मौलिक प्रकिया र प्रतिनिधीमुलक सस्थाबाट छानिएर गए नगएको बारे आयोगमा जानकारी वा उजुरी परेमा सोसम्बन्धमा छानविन, जाँचबुच गरी सत्य तथ्य पत्ता लगाउने आ. ज. आयोगको कर्तव्य हुनेछ ।

(४) माथि उल्लेखित कर्तव्य पुरा गर्नको लागि आ. ज. आयोगले देहायका कामहरु गर्नेछ ।

(क) कुनै आदिवासी जनजाति व्यक्ति वा समूहको जातीय अधिकार वा मानवअधिकार उल्लघंन भएमा वा दुरुत्साहन भएमा पिडित व्यक्ति आफै वा निज आवद्ध जातिय संस्थामार्फत निजको तर्फबाट आयोग समक्ष प्राप्त वा प्रेषित निवेदन वा उजुरीको छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ।

(ख) आदिवासी जनजाति अधिकार वा सामुहिक अधिकार उल्लंघन् हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफनो पदीय जिम्मेवारी पुरा नगरेमा वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा निज उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने ।

(ग) आदिवासी जनजातिका व्यक्तिगत वा सामुहिक अधिकार उल्लघंन गर्ने व्यक्ति वा समुहका विरुद्ध मुद्दा चलाउन पर्ने आवश्यकता परेमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।

(घ) आदिवासी जनजाति अधिकार सम्बन्धी चेतना अभिबृद्धि गर्न सम्बन्धित संघसस्थां र समुदायसँग समन्वय सहकार्य गर्ने ।

(ङ) आदिवासी जनजातिका व्यक्तिगत वा सामुहिक अधिकार उल्लघन् गर्ने व्यक्ति वा समुहलाई कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।

(च) आदिवासी जनजाति सँग सम्बन्धित प्रचालित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार र संसोधनको सम्बन्धमा संघीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

(छ) आदिवासी जनजाति अधिकारसँग सम्बन्धित अन्तराष्टिय सन्धि वा सम्झौता नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारण सहित नेपाल सरकार समक्ष सिफारिश गर्ने र पक्ष बनिसकेको सन्धि वा सम्झौताको कार्यान्वयन् भए वा नभएको सम्बन्धमा अनुगमन गरी कार्यान्वयन् नभएको देखिएमा सोको कार्यान्वयन् गर्न संघीय र राज्य सरकार समक्ष सिफारिश गर्ने ।

(ज) आदिवासी जनजाति अधिकारको उल्लंघनका सम्बन्धमा आ. ज. आयोगले गरेको सिफारिश वा निर्देशन कार्यान्वयन् वा पालना नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम प्रचलित कानुन बमोजिम सार्वजानिक गरी आदिवासी जनजाति अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख राख्ने ।

५. आ. ज. आयोगले आफ्नो कर्तव्य पालन गर्दा वा कार्य सम्पादन गर्दा देहाय बमोजिमको अधिकारको प्रयोग गर्न सक्नेछ ।

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुने ।

(ख) आदिवासी जनजाति अधिकारको उल्लंघन हुन लागेको वा भईसकेको सुचना कुनै किसिमबाट आयोगले प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सुचना प्रवेश गर्ने खानतलासी लिने, खानतलास लिदां आदिवासी जनजाति अधिकारसँग सम्बन्धित लिखित, प्रमाण वा सवुद कव्जा लिने ।

(ग) कुनै आदिवासी जनजाति अधिकार उल्लंघन भईरहेको कुरा जानकारीमा आई तत्काल कारवाही गर्नु पर्ने दखिएमा बिना सूचना सम्बन्धित स्थानमा प्रवेश गर्ने र उद्धार गर्ने ।

(घ) आदिवासी जनजाति अधिकारको उल्लंघन बाट पीडित व्यक्ति वा संस्थालाई कानुन बमोजिम अधिकतम क्षतिपूर्ति दिन आदेश दिने ।

(ङ) आवश्यकता अनुसार राज्यहरुमा शाखाहरु खोली कार्य गर्ने ।

(च) कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्ने वा गराउने ।

**ङ. लोक सेवा आयोग**

१. लोक सेवा आयोगका दुई तह हुनेछन् :

(क) संघीय लोक सेवा आयोग

(ख) राज्य लोक सेवा आयोग

२. संघीय सेवाका पदहरुमा नियुक्तको लागि उम्मेदवारहरुको छनौट गर्न परिक्षा संचालन गर्न र नियुक्ति, सरुवा, बढुवा र विभागीय कार्वाहीलाई संघीय सरकार परामर्श दिन संघीय लोक सेवा आयेग रहने छ ।

३. राज्य सेवा र अन्य स्वायत्त इकाइहरुको सेवाका पदहरुमा नियुक्तका लागि उम्मेदवारहरुको छनौट गर्न परिक्षा संचालन गर्न र नियुक्ति, सरुवा, बढुवा र विभागीय कार्वाहीका लागि राज्य सरकार र तत्तत् निकायलाई सल्लाह दिन राज्य लोक सेवा आयोग रहने छ ।

४. सेवाहरु

१) नेपालका निजामति लगायत समग्र सरकारी सेवाहरुलाई संघीय, राज्य र स्वायत्त इकाईगत/जनस्तरिय सेवामा वर्गिकरण गरिनेछ ।

२) एउटा सेवाबाट उपयुक्त मापदण्ड पुरा गरि अर्को सेवामा जान सकिनेछ ।

३) हाल संघीय सेवा अन्तर्गत रहेका समग्र राष्ट्र सेवकहरुलाई राज्य र स्वायत्त इकाइगत/जनस्तरिय सेवाको यथेष्ट विकास नभएसम्म ती सेवाहरुमा संघीय सरकारले पठाउन सक्नेछ ।

४) राज्य र स्वायत्त इकाइगत/जनस्तरिय सेवामा जान नचाहने र संघीय सेवामा पदहरु समायोजन हुन नसक्ने अवस्थामा बढी हुन आएका राष्ट सेवकहरुलाई विशेष सुविधा सहित अवकाश दिन सकिने छ तर प्राविधिकहरुका हकमा भने यस्तो प्रावधान लागू हुने छैन् ।

५) राज्य र स्वायत्त इकाइहरुले माग गरेमा संघीय सेवाका कुनैपनि राष्ट सेवकलाई संघीय सरकारले उपलब्द्ध गराउनु पर्नेछ ।

## १८. राष्ट्रिय हितको संरक्षण

राष्ट्रिय हितको संरक्षणको निमित्त निम्न व्यवस्थाहरु हुनु पर्दछ ।

(क) राष्ट्रिय हित संरक्षणको निमित्त जातीय, वर्गीय, लैंगिक, धार्मिक र क्षेत्रीय लगायत सबै प्रकारको विभेद अन्त गरी पारस्परिक सद्भाव, सम्मान, कदरका वातावरण श्रृजना गरेर राष्ट्रिय एकताको प्रवर्द्धन गरिने छ ।

(ख) विषय गरीबी र असमानताको अन्त, अवसर र उत्पादनशील संशाधनको न्यायोचित वितरण, राज्यशक्ति र न्यायको पहुँचमा वृद्धि, जाति, वर्गा र समुदायको मानव अधिकारको प्रवर्द्धन, हिंसात्मक द्वन्दको अन्त र सुरक्षाको प्रत्याभूति, समन्याय र समावेशीकरणद्वारा राष्ट्रिय एकतालाई सुदृढ राख्दै मुलुकको स्वतन्त्रता, अखण्डता र सार्वभौमिकतालाई राष्ट्रिय मूल्यको रुप स्थापित गरिने छ ।

(ग) प्राकृतिक सम्पदा र आदिवासी जनजातिहरु बीच युगौदेखि स्थापित रहिआएको आध्यात्मिक, ऐतिहासिक र भौतिक सम्बन्धलाई मान्यता प्रदान गर्दै, प्राकृतिक सम्पदा प्रतिको उनीहरुको अपनत्वलाई जागृत गरी मुलुकको प्राकृतिक सम्पदाको संरक्षण गरिने छ ।

(घ) राष्ट्रिय हितलार्य ख्यालमा राख्दै छिमेकी मुलुक र अत्य सबै राष्ट्रहरुसंगको मैत्री सम्बन्ध सुदृढ गरिने छ ।

(ङ) आन्तरिक सुरक्षाको सुदृढीकरणद्वारा बाह्य हस्तक्षेपको संभावनालाई न्यून गरिने छ ।

(च)हरेक राज्य र स्वायत्त क्षेत्र तथा इलाकाहरुमा सोही क्षेत्रका नागरिकहरुको अर्द्धसैनिक बल खडा गरी आन्तरिक सुरक्षालाई सुदृढ गरिने छ ।

## १९. संविधान निर्माण र संशोधन

संविधान निर्माण र संशोधन सम्बन्धी व्यवस्था निम्नानुसार हुनु पर्दछ ।

(क) संविधान संशोधनको विधेयक संघीय व्यवस्थापिकाको दुई तिहाइ मतबाट पारित हुनु पर्नेछ र पारित भएको विधेयक राज्य व्यवस्थापिकहरु मध्ये वहुसंख्यक राज्यहरुका व्यवस्थापिकाहरुले सामान्य बहुमतबाट अनुमोदन गरेमा लागू गर्न सकिनेछ ।

(ख) यस संविधानको प्रावधान र मर्म भित्र रही राज्यहरुले आआफ्नो संविधान निर्माण गर्न सक्नेछन् । सम्बन्धित राज्य व्यवस्थापिकाहरुको सम्पूर्ण सदस्य संख्यको दुई तिहाइले अनुमोदन गरेपछि सो राज्यको संविधान लागू हुनेछ ।

(ग) यस संविधानको प्रावधान र मर्म भित्र रही स्वायत्त क्षेत्र/इलाका र नगरपालिकाहरुले आआफ्नो स्वायत्त क्षेत्र/इलाका/नगरपालिका संचालन विधान बनाउन सक्नेछन् । संम्बन्धित स्वायत्त क्षेत्र/इलाका/नगरपालिकाहरुको व्यवस्थापिकाका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले अनुमोदन गरी लागू हुनेछ ।

## २०. राजनैतिक दल

रानैतिक दल सम्बन्धी व्यवस्थाहरुमा अन्य कुराका अतिरिक्त निम्न बमोजिम व्यवस्था हुनु पर्दछ ।

(क) समान राजनैतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले आफ्नो इच्छा अनुसार राजनैतिक दल खोल्न, संचालन गर्न र आफ्नो पक्षमा जनमत निर्माण गर्न सक्नेछन् । नागरिकहरुको संगठन गर्न पाउने यस्तो अधिकारमा कुनै बन्देज लगाइने छैन ।

(ख) राजनैतिक दलहरुले निर्वाचनको लागि मान्यता प्राप्त गर्न कानुनमा व्यवस्था भए अनुसार निर्वाचन आयोगमा दल दर्त्ता गराउनु पर्नेछ । यसरी निर्वाचनमा सहभागी हुने दलहरु पूर्णरुपमा समावेशी हुनु पर्नेछ ।

(ग) दलहरुले आफ्नो हिसाब किताब पारदर्शी राख्नु पर्ने छ र वार्षिक लेखा परिक्षणको प्रतिवेदन निर्वाचन आयोग समक्ष प्रतिवर्ष आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र पेश गरिसक्नु पर्नेछ ।

(घ) दलहरुले आन्तरिक लोकतन्त्रको पूर्णरुपमा अभ्यास गर्नुपर्ने छ ।